# लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण प्रतिबेदन
## आर्थिक बर्ष २०८१।०८२
## सुनिलस्मृति गाउँपालिका, गाउँकार्यपालिकाको कार्यलय
## रोल्पा जिल्ला, लुम्विनि प्रदेश, नेपाल




प्रतिबेदक :

पार्वता आचार्य

फोन नं. ९८५७८३३९४२

इमेल parbata722@gmail.com

## लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका मूल शिर्षक



**बिषयसुची :** **पेज नं**


१. पृष्ठभूमि तथा परिचय ४-६

२. लैङ्गिक समानत तथा सामाजिक समाबेशीकरण परोक्षणको उद्देश्य ६

३. लैससास परोक्षणको औचित्य ६-७

४. लैससास परोक्षणका मुख्य सुचक, उपसुचक र प्रश्नहरु ७

५. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परोक्षणको बिधि र तरिकाहरु ८-९

६. लैससास परिक्षण कार्यशालामा सहभागोहरुको जातीगत बिबरण ९

७. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परोक्षणका औजारहरु १०

८. लैगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण सुचक बिश्लेषण नतिजा १०-१९

क. लैससास परोक्षण सुचक बिश्लेषण अंक तालिका

ख. लससास परोक्षण नतिजाको माकुरी जालो १ मा बिश्लेषण

ग. लैससास परोक्षण नतिजाको बारग्राफ १ मा बिश्लेषण

घ. लैससास परोक्षण नतिजाको माकुरी जालो २ मा बिश्लेषण

ङ. लैससास परोक्षण नतिजाको बार ग्राफ २ मा बिश्लेषण

च) गाउँपालिकाको नीति निर्माण तहमा लैंङ्गिक तथा जातीगत प्रतिनिधित्व

छ. गाउँपालिकामा कर्मचारीको लैंङ्गिक तथा जातीगत सहभागिता बिबरण

१०. लैससास परिक्षणको आर्थिक बर्ष अनुसार प्राप्त नतिजाका तुलनात्मक बिश्लेषण २०-२२

११. लैससास परीक्षणबाट प्राप्त मुख्य प्राप्तिहरु (Findings) २२-२४

१०. लैससास परोक्षणबाट प्राप्त सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु २५-२७

११. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण बिकास कार्य योजना २८-३२

१२. सुझाव ३३-३४

१३. निष्कर्ष ३४

१४. अनुसूचिहरु ३५-७०

अनुसूचि १. तालिका १ लैससास परीक्षण सुचक बिश्लेषण (प्राप्त अंक र पुष्टयाइका आधारहरु) ३५-६५

अनसुची २. लैससास परोक्षण कार्यतालिका ६६

अनुसुची ३. लैससास परोक्षण अवधीका तस्वीर बिबरण ६७

अनुसूचि ४. लैससास परोक्षण कार्यशालामा सहभागिहरुको हाजिरी बिबरण ६८

अनुसुची ५. लैससास परोक्षण लेखाजोखामा समूह अभ्यासबाट तयार गरिएको नतिजा ६९

अनुसूचि ६. गाउँपालिकाका लैससास सम्बन्धी नमुना दस्तावेजहरु ७०

# लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण प्रतिवेदन
# आर्थिक बर्ष २०८१।०८२

**पृष्ठभूमि :**

*नेपालको सविधान २०७२ को प्रस्तावनामा लैंगिक समानता र सामाजिक समाबेशीकरण सुनिश्चित गर्ने संकल्प गरेको छ । संविधानमा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हक, धारा ४२ मा सामाजिक न्यायको हकको ब्यबस्था गरी महिला, बालबालिका, जेष्ठ नागरिक, दलित लगायत पछाडी पारिएका लक्षित समुहहरुको अधिकार सुनिश्चित गरेको छ ।*

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरिएको छ । उक्त ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा संघिय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासंग अनुकूल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने ब्यवस्था गरिएको छ । सोही दफाको उपदफा (३) मा स्थानीय तहले आफना योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ । उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तब्य तथा अधिकारमा लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।*

*लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परोक्षणले कुनै पनि निकायको नीति, कानुन तथा योजना, कायक्रम, बजेट र कार्यान्वयन प्रणाली, संस्थागत ब्यबस्था, सेवा प्रबाह, मानव संशाधन बिकास र सुशासनको क्षेत्रमा लैङ्गिक तथा सामाजिक सन्तुलनको बिद्यमान अवस्था लेखाजोखा गरी पृष्ठपोषण गन कार्यलाई बुझाउँछ । लैससास परोक्षणले बिकासको मूलप्रबाहमामा सबै लिंग, जातजाती, बर्ग, र क्षेत्रका ब्यक्ति तथा समुहलाई* **सन्तुलित अवसर तथा लाभ सुनिश्चित** *गर्न मार्गनिर्देश गर्दछ । लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परोक्षणले* **महिला र पुरुषको लागि छुट्टा छुट्टै बजेट विनियोजन भए नभएको अवस्थाको मात्र** *लेखाजोखा गर्दैन । लैससास परिक्षणले सम्बन्धीत निकायको नीति तथा कानुन निर्माण प्रक्रिया, लैङ्गिक उत्तरदायी वजेट तथा कार्यक्रम निर्माण, स्रोत बाँडफाँड र परिचालनमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीता सम्बन्धी संबेदनशिलता अवलम्वन प्रक्रिया र बिद्यमान अभ्यासहरुको लेखाजोखा गर्दछ ।*

*सुनिलस्मृति गाउँपालिकाको आयोजना र बाह्य सहजकर्ताको सहजिकरणमा लैससास परीक्षण कार्यशाला सम्पन्न भएको छ । स्थानीय तहका लागि लैससास परिक्षण दिग्दर्शन २०७८ बमोजिमका यस गाउँपालिकाको लैससास परिक्षण क्रममा लैससाससंग सम्बन्धीत बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, कानुन, र स्थानीय नीति, कानुनलाई आधार मानिएको छ । बिशेष गरी नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ तथा नियमावली, स्थानीय तहका लागि लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परोक्षण दिग्दर्शन २०७८, लैङ्गिक समानता नीति २०७७, सामाजिक समाबेशीकरण नमुना नीति २०७८ लगायत*

*गाउँपालिकाले निर्माण गरेका बिभिन्न कानुन, नीति तथा कार्यबिधि, आबधिक योजना, बार्षिक योजना तथा बजेट, बार्षिक प्रगति प्रतिबेदन र कार्यपालिकाको निर्णय पुस्तिकालाई आधार मानिएको छ ।*

*त्यसैगरी महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९, दिगो बिकास लक्ष्य २०३०, बेइजिङ कार्यायोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदबाट पारित प्रस्ताव नं १३२५ र १८२०, अपांगता भएको व्यक्तिको अधिकार सम्बन्धी महासन्धी, बाल अधिकार महासन्धी लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई गाउँपालिकाले अपनत्व लिई स्थानीयकरण गरे नगरेको लेखाजोखा गरिएको छ ।*

**सुनिलस्मृति गाउँपालिकाको संक्षिप्त परिचय :**

*रोल्पा जिल्लाको १० वटा स्थानीय तहहरु मध्ये सुनिलस्मृति गाउँपालिका एक हो, सुनिलस्मृति गाउँपालिका रोल्पा जिल्लाको प्रबेश बिन्दुमा अवस्थित छ । यो गाउँपालिका रोल्पा जिल्लाको सदरमुकाम लिवाङदेखि २९ कि. मी. को दुरीमा पूर्वि भेगमा रहेको छ । यस गाउँपीलकाको पूर्वमा सुनछहरी र लुङग्री गाउँपालिका, पश्चिममा रोल्पा नगरपालिका र रुन्टीगढी गाउँपालिका, उत्तरमा सुनछहरी गाउँपालिका र रोल्पा नगरपालिका तथा दक्षिणमा प्यूठान जिल्लाको स्वर्गद्वारी नगरपालिकासंग सिमाना जोडीएको छ । प्रशासनिक हिसावले जम्मा ८ वटा वडामा विभाजित यस गाउँपालिकाको प्रसाशनिक केन्द्र सुलीचौरमा रहेको छ ।*

*समुन्द्र सतहबाट ६६० मिटर देखि २९६० मिटर सम्मको उचाईमा अवस्थित यो गाउँपालिका १५६.५५ बर्ग मिटरको क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिकाको कूल जमिन मध्ये ४९.४९ प्रतिशत जमिनमा खेती गरिन्छ भने ३८.७६ प्रतिशत जमिन बनजंगलले ढाकेको छ । त्यसैगरी कूल जमिन मध्ये १०.८५ प्रतिशत झाडीले आगटेको र ०.५६ प्रतिशत जमिन घाँसे मैदानले ओगटेको छ । शैक्षिक हिसावमा यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ५ वटा मा.वि, ५ वटा नि.मा.वि र १६ वटा प्रा.वि गरी जम्मा २६ वटा शिक्षण संस्थाहरु संचालित छन ।*

*गाउँपालिकाको डिजिटल प्रोफाइल अनुसार सुनिलस्मृति गाउँपालिकाको कूल घरपरिवार संख्या ६५२४ रहेको र कूल जनसंख्या ३१०६७ रहेको छ । कूल जनसंख्या मध्ये महिला संख्या १५११४ (४८.६५ प्रतिशत) र पुरुष संख्या १५९५३ (५१.३५ प्रतिशत) रहेको पाइन्छ । औषत घरपरिवारको आकार ४.७६ छ । यो गाउँपालिकामा मुख्य गरी मगर जातीको बाहुल्यता (३७.१६ प्रतिशत) रहेता पनि दोस्रो स्थानमा बाहुन, क्षेत्रीको बसोबास छ भने यी जातजातो लगायत गुरुङ, नेवार, दलित, सन्यासी दशनामी र अन्य जातजातीको समेत बसोवास रहेको छ । मातृ भाषाको रुपमा नेपाली भाषा प्रयोग गरिएपनि मगर बस्तीको बाहुल्यता भएको वडाहरुमा मगर भाषा पनि मातृ भाषाको रुपमा बोल्ने गरेको पाइन्छ ।*

*कूल जनसंख्या मध्ये जेष्ठ नागरीक संख्या ७.४५ प्रतिशत छ भने अपांगता संख्या ०.९७ प्रतिशत छ । त्यसैगरी सुन्य देखि १९ बर्ष उमेर समूहका बालबालिका संख्या ४५.८८ प्रतिशत अर्थात १४२५६ जना रहेको छ । जसमध्ये बालिका संख्या २१.५७ प्रतिशत अर्थात ६७०१ जना छ भने बालक संख्या २४.३२ प्रतिशत अर्थात ७५५५ जना रहेको छ । गाउँपालिकाको ५ बर्ष माथिको साक्षरता दर ८०.३५ प्रतिशत छ । सुनिलस्मृति गाउँपालिकाका बासीन्दाको आम्दानीका स्रोतहरु मध्ये कृषि पेशा प्रमुख मानिन्छ । गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदेबालीहरु कोदो, टिमुर, अमिलो जातका फलफूल, पशुजन्य उत्पादन आदि बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि प्रवर्धनको साथै आवश्यक, मल, कर्जा, बीउबिजनको*

*उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।*

*देशमा बेरोजगारी बढदै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाको आम्दानीको मुख्य स्रोत कृषि भएपनि बैदेशिक रोजगारी र छिमेकी मुलुक भारतको रोजगारीबाट पनि आम्दानी गरी जिविकोपार्जन गरेको पाइन्छ । त्यसैगरी ब्यापार तथा होटल ब्यबसाय, स-साना उद्योग, दैनिक ज्याला मजदुरी आदि पनि आम्दानीका स्रोत बनेका छन ।*

**लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणको उद्देश्य :**

**मुख्य उद्देश्य :** *लैगिक समानता तथा सामाजिक समाबेशीकरणको अभ्यास तथा प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पुर्ण बिकास योजना, नीति तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउन आर्थिक स्रोतका सुनिश्चितता, उपलब्धीको समतामुलक बितरण र उपयोगी बनाउने ।*

**अन्य उद्देश्यहरु :**

*क) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सिमान्तकृत समूहहरुलाई समाबेश गरी लैंगिक समानता र सबै जातजातीको अर्थपुर्ण सहभागिता गराई लैंगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैंगिक मूलप्रबाहीकरण र सशक्तिकरण गर्दै लैजाने ।*

*ख) महिला र सिमान्तकृत समूहहरुलाई समाबेश गरी उनीहरुको योजनाबद्ध रुपमा ब्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि मार्फत आर्थिक तथा सामाजिक सशक्तिकरण गरी गाउँपालिकाको बिकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने ।*

*ग) गाउँपालिकाको योजना र आयोजनाहरुको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मुल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।*

**लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणको औचित्य**

- *लैससासमैत्री नीति, कानुन, योजना र कार्यक्रम निर्माण र लैंगिक उत्तरदायी बजेट निर्माणका लागि स्थानीय तहलाई जवाफदेही बनाउन मद्धत गर्दछ ।*
- *नीति तथा कानुन निर्माण प्रक्रिया, योजना तथा कार्यक्रम र बजेट बाडफाँड प्रक्रिया लैससास दृष्टिले सन्तुलीत भए नभएको लेखाजोखाका आधारमा यथार्थ चित्रण गरी आगामी कार्यदिशा तय गर्न मार्गनिर्देश गर्दछ ।*
- *लैससासको क्षत्रमा सुधारका लागि पहिँचान गरिएका बिषय क्षेत्रहरुलाई स्थानीय तहको बार्षिक योजना किताबमा समाबेश हुनेगरी लैससास कार्ययोजना निर्माण गर्न सहयोग गर्दछ ।*
- *महिला, दलित, अपांगता भएका ब्यक्ति, बालबालिका, जेष्ठ नागरीक लगायतका बञ्चित बिभिन्न अन्तर समुहहरुको सचेतना बिस्तार र नेतृत्व बिकास गरी निर्णायक तहमा पहुँच बढाउन स्थानीय सरकारलाई जिम्मेवार र जवाफदेही बनाउन मद्धत गर्दछ ।*

- *समष्टीमा लैससास परोक्षणले गाउँपालिकामा बसोबास गर्ने सबै प्रकारका वर्ग, लिंग, जातजाती, उमेर समूह, शारिरिक अवस्था र क्षेत्रका मानिसहरुको सशक्तिकरण गरी उनीहरुलाई समग्र बिकासको मूलप्रबाहमा जोडन सहयोग पुऱ्याउछ ।*

**लैंगिक परीक्षणमा बिश्लेषण गरीएको मुख्य सुचक तथा उपसुचकहरु**

| मुख्य सुचक | उपसुचकहरु | पुर्णांक |
|---|---|---|
| **नीति, कानुन र योजना** | | **२०** |
| | *नीति र कानुनमा समाबेशीता र सहभागिता* | ८ |
| | *योजना तर्जुमा तथा कार्यान्वयन* | ८ |
| | *बजेट तर्जुमा तथा कार्यान्वयन* | ४ |
| **संस्थागत ब्यबस्था** | | **२०** |
| | *कर्मचारी पदाधिकारी प्रतिनिधित्व* | ४ |
| | *कार्य प्रणाली समाबेशीता* | ४ |
| | *समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व* | ४ |
| | *बित्त ब्यबस्थापन प्रणालीमा समाबेशीता* | ४ |
| | *तथ्यांक संकलन तथा ब्यबस्थापन* | ४ |
| **मानव शंसाधन तथा क्षमता बिकास** | | **२०** |
| | *मानव शंसाधन तथा क्षमता बिकास* | ८ |
| | *अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना* | ४ |
| | *कानुनी साक्षरता* | ४ |
| | *बिपद ब्यबस्थापनमा समाबेशीता* | ४ |
| **सेवा प्रबाह** | | **२०** |
| | *पूर्वाधार बिकास* | ४ |
| | *प्रजनन स्वास्थ्य* | ४ |
| | *शिक्षा कार्यक्रम* | ४ |
| | *खानेपानी तथा सरसफाई* | ४ |
| | *स्वरोजगार तथा आयआर्जन र बजार ब्यबस्थापन* | ४ |
| **सुशासन तथा उत्तरदायित्व** | | **२०** |
| | *सुशासन* | ४ |
| | *उत्तरदायित्व र जवाफदेहिता* | ४ |
| | *सुचना तथा संचार* | ४ |
| | *अनुगमन तथा मूल्यांकन* | ४ |
| | *समन्वय र सम्बन्ध बिस्तार* | ४ |

**लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण अबधीमा अवलम्वन गरिएका बिधि तथा तरीकाहरु**

*स्थानीय तहका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परोक्षण दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार सुनिलस्मृति गाउँपालिकाको लससास परोक्षण क्रममा ३ वटा चरणहरु अवलम्वन गरिएको छ ।*

**क) तयारी चरण :**

- **सम्पर्क समन्वय :**

*सुनिलस्मृति गाउँपालिकाको बार्षिक योजनामा लैससास परोक्षण कार्यक्रम तथा बजेट बिनियोजन भए बमोजिम महिला बालबालिका तथा जेष्ठनागरीक शाखाबाट लैससासा कार्यान्वयन समितिसंग समन्वय गरी लैससास परिक्षण कार्यदलको बैठकको निर्णय बमोजिम लैससास परोक्षण कार्यशाला संचालन गर्ने सुनिश्चित गरि बिज्ञ सहजकर्ता छनौट गरिएको थियो । त्यस पश्चात महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा प्रमुखले गाउँपालिका अध्यक्ष र प्रमुख प्रसासकिय अधिकृतसंगको सहमति र समन्वयमा लैससास परोक्षण मिति, स्थान र समय सुनिश्चित गरिएको थियो । तोकिएको मितिमा लैससास परोक्षण कार्यक्रममा उपस्थितिका लागि गाउँ कार्यपालिका सदस्य, बिषयगत शाखा प्रमुख लगायत अन्य सम्बन्धित सहभागिहरुको सुची तयार गरी आमन्त्रण गरिएको थियो ।*

- **प्रारम्भिक सूचना संकलन तथा अध्ययन**

*गाउँपालिकाका महिला बालबालिका तथा जेष्ठ नागरीक शाखा लगायत अन्य सम्बन्धीत शाखा प्रमुख तथा प्रतिनिधीहरुसंगको छलफल र गाउँपालिकाको वेबसाइट अध्ययन गरि लैससास परोक्षण कार्यक्रममा आवश्यक पर्ने सहयोगी दस्तावेजहरु संकलन तथा अध्ययन गरिएको थियो । लैंगिक समानता र सामाजिक समावेशीकरण परोक्षण क्रममा पुष्टयाइका लागि आबश्यक पर्ने स्थानीय नीति तथा ऐन संग्रह, कार्यबिधि, बार्षिक योजना तथा बजेट बिनियोजन र कार्यान्वयन अभ्यास, आबधीक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षा, विकास बुलेटिन, प्रोफाइल, निर्णय प्रतिलिपि र अन्य सम्बन्धीत दस्तावेज साथै लैससास सम्बन्धी अन्तराष्ट्रिय कानुनहरुको संकलन गरी अध्ययन गरिएको थियो ।*

**(ख) कार्यान्वयन चरण**

- **<u>लैससास परीक्षण कार्यशाला सञ्चालन</u>**

*सुनिलस्मृति गाउँकायपालिकको आयोजनामा मिति २०८२।१०।७ र ८ गते गाउँपालिकाको सभाहलमा लैससास परोक्षण कार्यशाला सम्पन्न भएको छ । उक्त कार्यशालामा लैससास अबधारणा तथा बिद्यमान अवस्था साथै लैससास परोक्षण अबधारणा र बिधि, प्रक्रिया बारे अभिमूखिकरण गरिएको थियो । उक्त कार्यशाला अबधीमा लैससास परोक्षणका मुख्य सुचक, सहायक सुचक र १०० ओटा प्रश्नहरुमा समूह अभ्यास गरी स्व मुल्यांकनका आधारमा अंक प्रदान गरीएको थियो । लैससास परोक्षण कार्यशालामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रसाशकिय अधिकृत लगायत कार्यपालिका सदस्यहरु र बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरुको सक्रिय सहभागिता रहेको थियो ।*

**<u>लैससास परीक्षण सुचक लेखाजोखा तथा प्रश्नावलीहरुमा अंक प्रदान</u>**

*लैससास परीक्षण दिग्दर्शन २०७८ मा उल्लेखित सुचकहरुमा कार्यशालामा सहभागीकरुहो सहभागितामूलक अभ्यासबाट सामूहिक छलफल तथा स्वमुल्यांकन गरि बिद्यमान अवस्थाका लेखाजोखाको आधारमा १०० ओटा*

*प्रश्नहरुमा प्रत्येक प्रश्नको उत्तरमा उपयुक्त अंक प्रदान गरिएको छ । गाउँपालिकाको बिद्यमान अवस्था र अभ्यासहरुको पुष्टयाइका प्रमाणहरुको आधारमा हरेक प्रश्नमा १ वा ०.५ वा ० अंक प्रदान गर्न सहजकर्ताबाट सहजिकरण गरिएको थियो । मूल सुचक र सहायक सुचकहरुको लेखाजोखाबाट प्राप्त अंकलाई समूह अभ्यास मार्फत एकिकृत गरी माकुरी जालो तथा बारग्राफद्धारा बिश्लेषण गरी प्रस्तुत गरिएको थियो ।*

- **<u>सवल पक्ष, सुधार गनुपर्ने पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण</u>**

*लैंङ्गिक समानता, अपांगता भएका ब्यक्ति र सामाजिक समावेशीकरणका क्षेत्रमा गाउँपालिकाले निर्माण गरेका कानुन तथा नीति र कार्यबिधिहरु साथै अवलम्बन गरेका असल अभ्यासहरुको लेखाजोखाबाट प्राप्त नतिजाको आधारमा लैससासको क्षेत्रमा गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरुका विषयमा समूह छलफलको निष्कर्ष प्रस्तुत गरिएको थियो । गाउँपालिकाको लैससास संबेदनशिलताको बिद्यमान अवस्था बिश्लेषण गरी सुधारका उपायहरु पहिँचान गर्न* SWOT *बिश्लेषणले सहयोग पुगेको छ ।*

- **<u>कार्ययोजना तयारी</u>**

*सुनिलस्मृति गाउँपालिकाको लैससास परोक्षणबाट प्राप्त परिणामका आधारमा लैससासको क्षेत्रमा बिद्यमान सवल पक्षहरुलाई कायमै राखी सुधार गर्नुपर्ने पक्षलाई समेटने गरि आगामी बर्षका लागि बार्षिक कार्ययोजना तयार गरिएको छ । उक्त कार्ययोजनामा गाउँपालिकाले चालु आर्थिक बर्ष र आगामी आर्थिक बर्ष भित्र सम्पन्न गर्न सक्ने क्रियाकलाप समाबेश गरी कार्यान्वयनका लागि प्रतिबद्धता जनाएको छ । उक्त कार्ययोजनामा सम्पन्न गर्नुपर्ने क्रियाकलाप, पारित गराउने पहलकर्ता, निर्णयकर्ता र कार्यान्वयनकर्ताको जिम्मेवारी सहित कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र थप दायित्व आबश्यकताका बारेमा अनुमान गरी अभिलेखिकरण गरिएको छ ।*

**(ग) प्रतिवेदन चरण**

*यस चरणमा लैससास परीक्षण कार्यशालाका क्रममा सहभागिहरुबाट स्वलेखाजोखाको आधारमा आएको नतिजालाई एकिकृत गरी परिक्षणको प्रारम्भीक प्रतिबेदन तयार गरिएको हो । सुचकहरु लेखाजोखाका आधारमा तयार भएको उक्त प्रतिबेदन गाउँपालिकाका पदाधिकारीहरु र सम्बन्धीत शाखा बिच पेश गरिएको छ । गाउँपालिकामा पेश गरिएको प्रारम्भीक प्रतिबेदनमा प्राप्त सुझावहरु समेत समाबेश गरी अन्तिम प्रतिबेदन तयार गरी गाउँकार्यपालिकामा पेश गरिएको छ ।*

**लैससास परीक्षण कार्यशालामा सहभागिहरुको लैंङ्गिक तथा जातीगत बिबरण :**

| जिल्ला रोल्पा | दलित | | जनजाती | | बाक्षे | | अन्य | | जम्मा | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| *सुनिस्मृति गा.पा* | म | पु | म | पु | म | पु | म | पु | म | पु | |
| **जम्मा** | ० | २ | ४ | ४ | ६ | १६ | ० | ३ | १० | २५ | ३५ |

**लैससास परीक्षणका औजारहरु :**

- *माकुरी जालो बिश्लेषण*

- *बार ग्राफ बिश्लेषण*
- *तालीकाद्धारा अंक बिश्लेषण तथा कार्ययोजना प्रस्तुत*
- *सवल पक्ष, सुधार गर्नु गर्ने पक्ष, अवसर र चुनौतीहरु बिश्लेषण* (SWOT Analysis)

**लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणको नतिजा बिश्लेषण :**

*लगिक समानता तथा सामाजिक समाबेशीकरण परोक्षण दिग्दर्शन २०७८ बमोजिम मिति २०८२।१०।७ र ८ गते सुनिलस्मृति गाउँपालिकाका परिक्षण कार्य सम्पन्न भएको छ । लैससास परिक्षण कार्याशाला गाष्ठीमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत लगायत कार्यपालिका सदस्यहरु, बिषयगत शाखा प्रमुख तथा प्रतिनिधी र सम्बन्धीत लक्षित बर्गका संजाल प्रतिनिधीहरुको सहभागिता रहेको थियो । कार्यशालामा लैससास परीक्षणको ५ वटा मुख्य सुचक, २२ वटा उपसुचक र १०० ओटा प्रश्नहरुको लेखाजोखा गरिएको छ । लेखाजोखाबाट आएको कूल प्राप्तांकलाई संयोजन गरी तालीका, माकुरी जालो र बारग्राफद्धारा प्रस्तुत गरिएको छ । लैससास परोक्षण नतिजाको आधारमा सुनिलस्मृति गाउँपालिकाको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीहरु पहिँचान* (SWOT Analysis) *भएको छ । गाउँपालिकाले हासिल गरेका सवल पक्षहरुलाई संस्थागत गरी सुधार गर्नुपर्ने पक्षहरुलाई निरन्तर सम्बोधन हुने गरी आगामी बर्षको कार्ययोजना समेत निमार्ण गरिएको छ । लैससास परीक्षणबाट प्राप्त तथ्यांक सहितको समग्र नतिजा निम्न तालिका तथा बारग्राफ र माकुरी जालोबाट प्रस्तुत गरिएको छ ।*

**तालिका १ : लैससास मुख्य सुचक बिश्लेषण तालीका सुनिलस्मृति गाउँपालिका, रोल्पा**

| सुनिलस्मृति गा.पा. रोल्पा लैससास परीक्षण मुख्य सुचक बिश्लेषणको प्राप्तांक | | | |
|---|---|---|---|
| **मुल विषय सुचक** | **सुचक नम्वर** | **पुर्णाङ्क** | **प्राप्ताङ्क** |
| *नीति, कानून योजना* | १.१.१ - १.१.८, १.२.१ - १.२.८, १.३.१ - १.३.४ | २० | २० |
| *संस्थागत ब्यवस्था* | २.१.१ - २.१.४, २.२.१ - २.२.४, २.३.१ - २.३.४, २.४.१ - २.४.४, २.५.१ - २.५.४ | २० | १७.५ |
| *मानव संशाधन तथा क्षमता विकास* | ३.१.१ - ३.१.८, ३.२.१ - ३.२.४, ३.३.१ - ३.३.४, ३.४.१ - ३.४.४ | २० | १८ |
| *सेवा प्रवाह* | ४.१.१ - ४.१.४, ४.२.१ - ४.२.४, ४.३.१ - ४.३.४, ४.४.१ - ४.४.४, ४.५.१ - ४.५.४ | २० | २० |
| *सुशासन तथा उत्तरदायित्व* | ५.१.१ - ५.१.४, ५.२.१ - ५.२.४, ५.३.१ - ५.३.४, ५.४.१ - ५.४.४, ५.५.१ - ५.५.४ | २० | २० |
| | **कुल प्राप्तांक** | १०० | **९५.५** |

क) सुनिलस्मृति गा.पा.को मुख्य सुचकहरुको नतिजा माकुरी जालोद्धारा बिश्लेषण




ख) सुनिलस्मृति गा.पा.को लैससास परीक्षण मुख्य सुचक नतिजा बारग्राफद्धारा बिश्लेषण



**तालिका २ : सुनिलस्मृति गाउँपालिकाको लैससास परीक्षण उप सुचक बिश्लेषण्को प्राप्तांक प्रस्तुत**

| मुख्य सुचक | पुर्णाङ्क | प्राप्तांक | सि.नं. | सहायक विषय सुचकहरु | कुल अंक | प्राप्तांक |
|---|---|---|---|---|---|---|
| नीति, कानुन र योजना | २० | २० | १ | *निति कानूनमा समाबेशीता र सहभागिता* | ८ | ८ |
| | | | २ | *योजना तर्जुमा तथा कार्यान्वयन* | ८ | ८ |
| | | | ३ | *बजेट तर्जुमा तथा कार्यान्वयन* | ४ | ४ |
| संस्थागत व्यबस्था | २० | १७.५ | ४ | *कर्मचारी तथा पदाधिकारी प्रतिनिधित्व* | ४ | ३ |
| | | | ५ | *कार्यप्रणालीमा समाबेशी* | ४ | ४ |
| | | | ६ | *समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व* | ४ | ३ |
| | | | ७ | *वित्त व्यवस्थापन प्रणालीमा समाबेशी* | ४ | ४ |
| | | | ८ | *तथ्यांक संकलन तथा व्यवस्थापन* | ४ | ३.५ |
| मानव संशाधन तथा क्षमता बिकास | २० | १८ | ९ | *मानव संशाधन तथा क्षमता बिकास* | ८ | ७ |
| | | | १० | *अनौपचारीक मुल्य मान्यता र कुसंस्का बिरुद्ध जनचेतना* | ४ | ३.५ |
| | | | ११ | *कानुनी साक्षरता* | ४ | ३.५ |
| | | | १२ | *बिपद व्यबस्थापन* | ४ | ४ |
| सेवा प्रबाह | २० | २० | १३ | *पुर्वाधार विकास* | ४ | ४ |
| | | | १४ | *प्रजनन स्वास्थ्य* | ४ | ४ |
| | | | १५ | *शिक्षा कार्यक्रम* | ४ | ४ |
| | | | १६ | *खानेपानी तथा सरसफाई* | ४ | ४ |
| | | | १७ | *स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन* | ४ | ४ |
| सुशासन तथा उत्तरदायित्व | २० | २० | १८ | *सुशासन* | ४ | ४ |
| | | | १९ | *उत्तरदायित्वर जवाफदेहिता* | ४ | ४ |
| | | | २० | *सुचना तथा संचार* | ४ | ४ |
| | | | २१ | *अनुगमन तथा मूल्यांकन* | ४ | ४ |
| | | | २२ | *समन्वय र सम्बन्ध विस्तार* | ४ | ४ |
| | **जम्मा** | **९५.५** | | **जम्मा** | **१००** | **९५.५** |

## ग) सुनिलस्मृति गाउँपालिकाको लैससास परीक्षण उपसुचक नतिजा माकुरी जालोद्धारा बिश्लेषण



### घ) सुनिलस्मृति गाउँपालिकाको लैससास परीक्षण उपसुचक नतिजा बारग्राफद्धारा बिश्लेषण




*सुनिलस्मृति गाउँपालिकाको लैससास परिक्षण नतिजा अनुरुप ५ ओटा प्रमुख सुचकहरु मध्ये सबै सुचकहरुमा नै सुधारका क्षेत्रहरु पहिँचान भएको छ । उक्त ५ मूल सुचक लेखाजोखाको प्राप्तांक अनुसार समग्रमा सबै मुख्य सुचक तथा सहायक सुचकहरुको नतिजा सन्तोषजनक देखिएपनि संस्थागत ब्यबस्थामा केही सुधार गर्नुपर्ने पाइन्छ । गत आर्थिक बर्षको नतिजालाई आगामी बर्षहरुमा पनि कायमै राख्दै थप प्रभावकारी बनाउन गाउँपालिकाले निर्माण गरेका नीति तथा कानुन र कार्यबिधिहरुको प्रभावकारी कार्यान्वयन र लाभ तथा असर बिश्लेषण सहितको अनुगमन मुल्यांकन पद्धतीलाई लैससासमैत्री बनाउन पर्ने आबश्यक देखिन्छ । लैससासमैत्री बिकासका लागि परिक्षण क्रममा औल्याइएका सुझावहरु समेटेर निर्माण गरिएको कार्ययोजनालाई गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम र योजनामा समाबेश गरी समयमै कार्यान्वयन गर्नपर्ने हुन्छ ।*

*सुनिलस्मृति गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण लेखाजोखाको नतिजा अनुसार यस गाउँपालिकाले लैससासको क्षेत्रमा बिभिन्न सकारात्मक प्रयासहरु थालनी गरेको पाइन्छ । गाउँपालिकाले महिला, अपांगता भएका ब्यक्ति, दलित जनजाती लगायत सिमान्तकृत बर्ग, समुहको बिकासका लागि बार्षिक नीति तथा कार्यक्रममा समाबेश गरी क्षमता बिकास तथा सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने गरेको छ । लैङ्गिक, जातीगत तथा परम्परागत गलत सामाजिक अभ्यासहरुका बिरुद्ध बार्षिक रणनीति तथा कार्यबिधि निर्माण गरी लागु गरिएको छ । त्यसैगरी बिभिन्न दिवसिय कार्यक्रमहरुमा सन्देशमुलक क्रियाकलाप गरी जनचेतना फैलाउन पहल गरेको छ । गाउँपालिकाले महिला, बालबालिका, अपांगता भएका*

*व्यक्ति, गरिव, बेरोजगार, जेष्ठ नागरीक जस्ता लक्षित समुहका आबश्यकता सम्बोधन गर्न गाउँसभाको बार्षिक नीति तथा कार्यक्रममा सम्बोधन गरी कार्यक्रम संचालन गर्ने अभ्यास शुरुवात गरेको छ । जेष्ठ नागरीक मिलन केन्द्र, बिपन्न तथा असाह्य बालबालिकाहरुलाई निशुल्क शिक्षा सुरक्षीत सुत्केरी सेवा, किशारी आत्मरक्षा लगायतका बिषयमा लक्षित समुहका लागि शुरु गरिएका असल अभ्यासहरु संस्थागत गर्नका लागि योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लक्षित समूह भित्र पनि अन्तर समुह बिश्लेषण गरी उनीहरुको बास्तविक आबश्यकताहरु पहिँचान गरी योजनामा सम्बोधन गर्न सकिएमा सन्तुलित बिकास सुनिश्चित गर्न सकिन्छ ।*

*गाउँपालिकाको योजना कार्यान्वयनका लागि समुदाय तहमा गठन हुने बिभिन्न उपभोक्ता समितिहरुमा प्रमुख ३ पद मध्ये १ पदमा महिला सहभागिता अनिवार्य कार्यान्वयन गरेको र सदस्यहरुमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरी ४० प्रतिशतको हाराहारीमा सहभागिता गराउने अभ्यास शुरु गरिएको छ । त्यसैगरी बिभिन्न जातजाती समुदायको समाबेशी सहभागिताको अभ्यास शुरु भएको अभिलेख छ । समाबेशी सहभागितालाइ निरन्तरता दिदै महिला पुरुषको समान तथा समाबेशी सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले महिला लगायत अन्य पछाडी पारिएको समुदायका मानिसहरुको क्षमता बिकास साथै स्पष्ट नीतिगत ब्यबस्था गर्न सकेमा सबै प्रकारका जातजाती, क्षेत्र, लिंग र पछाडी पारिएका बर्ग, समुदायलाई बिकासको मल् प्रबाहमा जोडन सहज हुन्छ । गाउँपालिका लगायत सबै स्वास्थ्य संस्था र केही सार्बजनिक निकायहरुमा लैङ्गिकमैत्री सौचालय, स्तनपान कक्ष, अपांग एबं बालमैत्री भवन जस्ता संस्थागत संरचना स्थापना भई सेवा प्रबाह भएको छ भने यस प्रकारको संरचना वडा कार्यालय र अन्य सबै सार्बजनिक निकायहरुमा निर्माण हुन सकेमा लैससासमैत्री सेवा प्रबाह प्रणाली संस्थागत भई लक्षित बर्ग समुदायलाई प्रत्यक्ष लाभ हासिल गर्न सहज वातावरण सृजना हुन्छ ।*

*सबै प्रकारका महिला, अपाङ्ग, दलित, अति विपन्न तथा बञ्चितिमा परेका समुदायको समाबेशी बिकास सुनिश्चितताका लागि गाउँपालिकाले शुरु गरेको कूल पुँजीगत बजेटको निश्चित प्रतिशत रकम बिनियोजन गर्ने ब्यबस्थालाई संस्थागत गर्दै नियमितता दिन सकेमा बिकासमा लैंगिक तथा सामाजिक समाबेशी रुपले मूलप्रबाहिकरण गर्न सहज हुन्छ । गाउँपालिकालाई लैससास दृष्टिले सम्बेदनशिल बनाउन बिद्यमान समग्र नीति तथा कानुनहरु लैससासका दृष्टिले उपयुक्त भए नभएको बिश्लेषण र पुनरावलोकन गरी आबश्यकता अनुसार परिमार्जन गर्न आबश्ष्यक देखिन्छ । गाउँपालिकाबाट लैससास नीति र लैङ्गिक उत्तरदायी बजेट निर्माण कार्यबिधि बनिसकेकोले उक्त नीति तथा रणनीलिाई आधार बनाई नियमित रुपमा लैंगिक उत्रदायी बजेट बिश्लेषणको नतिजाका आधारमा बाषिक नीति कार्यक्रम र योजना तर्जुमालाई प्राथमिकता दिन आबश्यक देखिन्छ । आर्थिक गरिवी र मानविय गरिवी उन्मुलन साथै लैससास सम्बन्धी संघिय कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता स्थानीयकरण गर्न मानव संशाधन बिकास शाखालाई थप क्रियाशिल बनाई मानव स्रोत क्षमता बिकास कार्ययोजना निर्माण र सोही अनुरुप बजेट बिनियोजन गरी कार्यान्वयन गर्न आबश्यक देखिन्छ । भौतिक पूर्वाधार बिकासको दिगोपनाका लागि मानविय बिकास र सामाजिक बिकासका क्षेत्रमा बार्षिक नीति तथा कार्यक्रम र बजेट बिनियोजनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । लैङ्गिक उत्तरदायी बजेट प्रणालीको बिकास र नियमित लैससास परीक्षण गरी प्राप्त सुझावको आधारमा बनेका कार्य योजनाहरु बार्षिक योजना किताबमा समाबेश गरी प्रभावकारी कार्यान्वयन हुन सकेमा सबै प्रकारका महिला, पुरुष वा योनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको ब्यबहारीक तथा रणनीतिक आबश्यकता परिपुर्ति हुने कुरा सुनिश्चित गर्न सकिन्छ ।*

## सुनिलस्मृति गाउँपालिकाको नीति निर्माण तह र प्रसाशनिक तहमा बर्तमान प्रतिनिधित्व बिश्लेषण :

*देशको संघिय संरचना अनुरुप तीन तहको सरकार मध्ये स्थानीय तह जनतासंग प्रत्यक्ष सरोकार राख्ने र जनताले चोहको कुनै पनि समयमा भेटीने सरकारको रुपमा मान्यता राखिन्छ । स्थानीय तह निर्बाचन २०७९ बाट सुनिलस्मृति गाउँपालिकामा तोकिएको संख्यामा जनप्रतिनिधीहरु निर्बाचित भई क्रियाशिल छन । कानुनमा व्यबस्था भए बमोजिम कार्यपालिकाको निर्णयबाट बिभिन्न समिति, उपसमिति र कार्यदल गठन गरी परिचालन गरिएको छ । गाउँपालिकाको नितिगत तहमा बिद्यमान प्रतिनिधित्वको लैंङ्गिक तथा जातीगत बिश्लेषण गरी निम्न ग्राफ तथा पाइचार्टद्वारा प्रस्तुत गरिएको छ ।*

### क) सुनिलस्मृति गाउँपालिकाको गाउँसभामा लैंङ्गिक तथा जातीगत प्रतिनिधित्व बिश्लेषण :







### ख) सुनिलस्मृति गा.पा.को कार्यपालिकामा लैंङ्गिक तथा जातीगत प्रतिनिधित्व






*सुनिलस्मृति गाउँपालिकाको गाउँसभा र कार्यपालिकाको संरचनागत बिवरण अनुसार लैङ्गिक तथा जातीगत हिसावले समाबेशीकरणको सकारात्मक अभ्यास थालनी भएको पाइन्छ । गाउँसभामा प्रतिनिधित्व गर्ने जम्मा जनप्रतिनिधी ४३ जना मध्ये महिला सहभागिता १८ जना (४२ प्रतिशत) सहभागिता छ । कानुनत : सुनिश्चित गरिएको कम्तीमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्दै सहभागिता बृद्धितर्फ सकारात्मक पहल भएको पाइन्छ । तरपनि गाउँकार्यपालिकामा प्रतिनिधित्व गर्ने जम्मा जनप्रतिनिधी १७ जना मध्ये महिला केवल ५ जना (२९ प्रतिशत) मात्र रहेको पाइन्छ । कानुनतः तोकीएको महिला सहभागिता सुनिश्चित गर्न गाउँपालिकाको बीर्षक नीति तथा कार्यक्रममा महिलाहरुलाई नेतृत्व बिकास तथा क्षतमा बिकासका कार्यक्रमहरुलाई पाथमिकता दिनु पर्ने देखिन्छ । गाउँपालिका अध्यक्ष र उपाध्यक्ष पद मध्ये कुनै एक पदमा कानुन बमोजिम महिला सहभागिताको ब्यबस्था कार्यान्वयन भएको छ । यस गाउँपालिकामा ८ ओटा वडा मध्ये ८ वटै वडामा पुरुष सहभागिता रहेपनि जातीगत हिसावले भने समाबेशी सहभागिताको अभ्यास थालनी भएको पाइन्छ । नीतिगत तहमा लैंगिक तथा समाबेशी रुपले सन्तुलीत सहभागिता कायम गर्दै उक्त सहभागितालाई अर्थपुर्ण बनाउन गाउँपालिका लगायत बिभिन्न सरोकारवाला निकायसंगको समन्वयमा क्षमता बिकासका कार्यक्रम संचालन गर्न आबश्यक देखिन्छ । महिलाहरुको नेतृत्व क्षमता बिकास र अधिकार सुनिश्चितताका लागि गाउँपालिकाबाट क्षमता बिकास कार्ययोजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न सकिएमा समाबेशी सहभागिता सुनिश्चित गर्न सहयोग पुग्ने देखिन्छ । गाउँपालिकाको समाबेशी अभ्यासलाई चुस्त दुरुस्त बनाई निरन्तरता दिन सकेमा महिला लगायत पछाडी पारिएको बर्ग समुदायको समग बिकास प्रक्रियामा मूलप्रबाहिकरण भई समान बिकास सम्भव हुने देखिन्छ ।*

**सुनिलस्मृति गाउँपलिकामा कार्यरत कर्मचारी बिबरण :**

*स्थानीय तहको प्रशासनिक कार्य तथा नीति, योजना एबं कार्यक्रम कार्यान्वयनको जिम्मेवारी बहन गर्नका लागि कर्मचारीतन्त्रको ब्यबस्थापन गरिएको हुन्छ । सुनिलस्मृति गाउँपालिकाको समग्र कर्मचारी र वडा सचिवहरु समेत संलग्नतालाई सुची तयार गरी लैंगिक तथा जातीगत सहभागिताको अवस्था बिश्लेषण गरिएको छ । कूल कर्मचारीहरु साथै छैंठौ तह, पाँचौं तह र सो भन्दा कम तहको पदमा कार्यरत कर्मचारीको लैङ्गिक तथा जातीगत बिवरण बिश्लेषण गरी निम्न ग्राफ तथा पाइचार्टद्धारा प्रस्तुत गरिएको छ ।*

**१) सुनिलस्मृति गाउँपालिकामा कार्यरत कूल कर्मचारीको लैङ्गिक तथा जातीगत बिवरण**







२) सुनिलस्मृति गाउँपालिकामा कार्यरत कूल कर्मचारी मध्ये अधिकृत वा सो भन्दा माथिको पदमा कार्यरत कर्मचारीको लैंङ्गिक तथा जातीगत बिवरण







३) सुनिस्मृति गा.पा.मा पाँचौं तह वा सो भन्दा कमतहमा कार्यरत कर्मतारीको लैंगिक तथा जातीजत बिवरण







*सुनिलस्मृति गाउँपालिकको महिला बालबालिका तथा जेष्ठ नागरीक शाखाबाट प्राप्त कर्मचारी बिबरण अनुसार कार्यपालिकामा कार्यरत र ८ वटै वडामा कार्यरत वडा सचिव समेतको बिबरण संलग्न गरिएको छ । यस गाउँपालिकामा कार्यरत जम्मा कर्मचारी संख्या ७० जना मध्ये माथि उल्लेखित पाइचार्ट र बारग्राफ अनुसार कूल कर्मचारी मध्ये महिला कर्मचारी संख्या २३ प्रतिशत अर्थात १६ जना रहेको छ । गा.पा.मा कार्यरत कूल कर्मचारीहरु मध्ये अधिकृत वा सो भन्दा माथिको तहमा कार्यरत जम्मा १२ जना कर्मचारी मध्ये महिला कर्मचारी संख्या १७ प्रतिशत अर्थात २ जना रहेको पाइन्छ । त्यसैगरी पाँचौ तह वा सो भन्दा कम तहमा कार्यरत कूल कर्मचारी संख्या ५८ जना मध्ये महिला कर्मचारी संख्या २४ प्रतिशत अर्थात १४ जनाले जिम्मेवारी बहन गरेको पाइन्छ । बिभिन्न बिषयगत शाखा प्रमुख तथा वडा सचिव पदमा रही महिलाले जिम्मेवारी निबाह गरीरहेकोले पदिय हिसावले अधिकृत भन्दा कम तहको भएपनि जिम्मेवारीका हिसावले महिलाहरु पनि निर्णय गर्ने भूमिकामा रहेको पाइन्छ । कर्मचारीहरुमा जातीगत हिसावले समाबेशी देखिए पनि सबै जातजातीमा महिला भन्दा पुरुषहरुकै सहभागिता बढी रहेको पाइन्छ भने दलित कर्मचारी संख्या न्यून देखिए पनि दलित महिला कर्मचारी भने सुन्य रहेको पाइन्छ ।*

*लैससास परीक्षण दिग्दर्शन २०७८ ले परिकल्पना गरे अनुरुप महिला पुरुष कर्मचारी संख्या ५०।५० प्रतिशत पुग्नका लागि स्थाई कर्मचारीको पदपूर्ति गाउँपालिकाको अधिकार क्षेत्र भन्दा बाहिरको बिषय भएकोले गाउँपालिकाले चाहेर पनि लैङ्गिक सन्तुलन तथा समाबेशी बनाउन नसक्ने अवस्था यथार्थ मानिन्छ । स्थानीय तहले नियक्ति गर्नसक्ने करार कर्मचारीको हकमा गाउँपालिकाको नीतिमा भएको ब्यबस्थालाई अनिवार्य कार्यान्वयन गर्ने र गा.पा.को लक्षित कार्यक्रम अन्तर्गतको बजेट तथा कार्यक्रमबाट लोकसेवा कक्षालाई निरन्तरता दिनु पर्ने देखिन्छ ।*

*गाउँपालिका जनतासंग प्रत्यक्ष सरोकार राख्ने नजिकको र जनताले सहजै भेटन र आफना सवालहरु सम्बोधनका लागि माग राख्न सक्ने सरकार भएकोले पनि गाउँपालिका लगायत यस अन्तर्गतका बिभिन्न समिति उपसमिति र कार्यदलहरु र कर्मचारीहरुको ब्यबस्थापन समाबेशी हुन सकेमा मात्र स्थानीय सेवा प्रणालीलाई लैससासमैत्री बनाई सबै प्रकारका समुदायको सहज पहुँच सुनिश्चित गर्न सकिन्छ ।*

## सुनिस्मृति गाउँपालिकाको लैससास परिक्षण नतिजाको आर्थिक बर्ष अनुसार तुलनात्मक बिश्लेषण

| क्र.स | मुख्य सुचक र उपसुचक | पुर्णाङ्क | | आर्थिक बर्ष अनुसार प्राप्ताङ्क | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६।०७७ | २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० | २०८०।०८१ | २०८१।०८२ |
| १ | **नीति, कानुन र योजना** | २० | **१३.५** | **१३** | **१४.५** | **१६** | २० | २० |
| | *नीति कानुनमा समाबेशीता र सहभागिता* | ८ | ६ | ६.५ | ६.५ | ७ | ८ | ८ |
| | *योजना तर्जुमा तथा कार्यान्वयन* | ८ | ५.५ | ५.५ | ५.५ | ५.५ | ८ | ८ |
| | *बजेट तर्जुमा तथा कार्यान्वयन* | ४ | २ | १ | २.५ | ३.५ | ४ | ४ |
| २ | **संस्थागत ब्यबस्था** | २० | **१३.५** | **१३.५** | **१३** | **१७.५** | **१९** | **१७.५** |
| | *कर्मचारी तथा पदाधिकारी प्रतिनिधित्व* | ४ | २ | ३ | ३ | ३.५ | ३.५ | ३ |
| | *कार्यप्रणालीमा समाबेशी* | ४ | १ | २ | २.५ | ३.५ | ३.५ | ४ |
| | *समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व* | ४ | ३.५ | २ | २ | ३.५ | ४ | ३ |
| | *वित्त व्यवस्थापन प्रणालीमा समाबेशी* | ४ | ३ | ३ | ३.५ | ३ | ४ | ४ |
| | *तथ्यांक संकलन तथा व्यवस्थापन* | ४ | ४ | ३.५ | २ | ४ | ४ | ३.५ |
| ३ | **मानव संशाधन तथा क्षमता बिकास** | २० | **११.५** | **१७** | **१३.५** | **१६.५** | **१६** | **१८** |
| | *मानव संशाधन तथा क्षमता बिकास* | ८ | ४ | ६.५ | ५.५ | ६.५ | ६ | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | *अनौपचारीक मुल्यमान्यता र कुसंस्कार बिरुद्ध जनचेतना* | ४ | ३ | ३.५ | ३ | ३ | ३ | ३.५ |
| | *कानुनी साक्षरता* | ४ | २ | ३ | ३ | ३ | ३ | ३.५ |
| | *बिपद ब्यबस्थापन* | ४ | २.५ | ४ | २ | ४ | ४ | ४ |
| ४ | **सेवा प्रबाह** | **२०** | **१४.५** | **१३.५** | **१५** | **१९** | **१९** | **२०** |
| | *पुर्वाधार विकास* | ४ | ४ | १.५ | २.५ | ४ | ४ | ४ |
| | *प्रजनन स्वास्थ्य* | ४ | २ | ३ | ३ | ४ | ४ | ४ |
| | *शिक्षा कार्यक्रम* | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ |
| | *खानेपानी तथा सरसफाई* | ४ | २.५ | ३ | ३ | ४ | ४ | ४ |
| | *स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन* | ४ | २ | २ | २.५ | ३ | ३ | ४ |
| ५ | **सुशासन तथा उत्तरदायीत्व** | **२०** | **१०.५** | **१४.५** | **१६** | **१८.५** | **१८** | **२०** |
| | *सुशासन* | ४ | २ | ३ | ३.५ | ४ | ४ | ४ |
| | *उत्तरदायित्वर जवाफदेहिता* | ४ | ३ | ३.५ | ३ | ४ | ४ | ४ |
| | *सुचना तथा संचार* | ४ | ३ | ३ | ३.५ | ३.५ | ३.५ | ४ |
| | *अनुगमन तथा मूल्यांकन* | ४ | १.५ | २ | ३ | ३ | २.५ | ४ |
| | *समन्वय र सम्बन्ध विस्तार* | ४ | १ | ३ | ३ | ४ | ४ | ४ |
| | **जम्मा** | **१००** | **६४** | **७१.५** | **७२** | **८७.५** | **९२** | **९५.५** |

*प्रदेश सुशासन केन्द्रले लुम्बिनी प्रदेशको १०९ ओटै स्थानीय तहमा आर्थिक बर्ष २०७६।०७७ देखि लैससास परिक्षण कार्यमा प्राबिधिक सहयोगका लागि सहजकताहरु परिचालन गरी लैससास परिक्षण कार्य शुरु भएको हो । सोही अनुरुप सुनिलस्मृति गाउँपालिकामा पनि आर्थिक बर्ष २०७६।०७७ देखि नै लैससास परिक्षण शुरुवात भएको प्रतिबेदनले स्पष्ट पार्दछ । शुरुवात देखि हाल सम्मको परिक्षण नतिजा बिश्लेषण गर्दा हरक आर्थिक बर्षमा सकारात्मक अभ्यास थालनी भई मुल सुचक र सहायक सुचकहरुमा लैससास परिक्षण प्राप्तांक बढदो क्रमममा रहेको पाइन्छ । माथि उल्लेखित तालिका अनुसार गाउँपालिकाले प्रत्येक बर्ष लैससास परिक्षणबाट आएका सुझाव सहितको कार्यायोजना कार्यान्वयन गरेको पाइन्छ ।*

**लैससास परीक्षणबाट प्राप्त प्रमुख तथ्यहरु (Findings) :**

**क) लैससास क्षेत्रमा अवलम्बन गरिएका असल अभ्यासहरु**

- *गाउँपालिकाको सबै प्रकारका बिषयगत समितिहरुमा लैंगिक तथा जातीगत समाबेशी सहभागितासहभागिता अनिवार्य गरेको पाइयो ।*
- *बालमैत्री स्थानोय तह घोषणा सम्बन्धी रणनीतिक लक्ष्यलाई पुर्णता दिनेगरी बार्षिक नीति तथा कार्यक्रम रहेको ।*
- *किशोरीहरुको सुरक्षाका लागि आत्मरक्षा तालिम कार्यक्रम संचालन गरेको पाइयो ।*
- *घरेलु हिंसा, बाल बिबाह, बहु बिबाह, छुवाछुत बिरुद्ध सचेतनामूलक अभियान प्रभावकारी बनाउन टोल बिकास संस्थालाई क्रियाशिल बनाउने कार्यक्रम रहेको पाइयो ।*
- *जेष्ठ नागरीकको हकहित तथा संरक्षण र आत्मसम्मानका लागि सबै वडामा जेष्ठ नागरीक क्लव र पालिका स्तरमा सञ्जाल निर्माण गरी परिचालन गरिएको पाइयो ।*
- *जेष्ठ नागरीकहरु बिच अनुभव आदान प्रदान तथा दैनिक जिवन यापनमा सहजताका लागि वडतहामा जेष्ठ नागरीक मिलन केन्द्र स्थापना गरिएको पाइयो ।*
- **"मेहनत तपाइको जिम्मेवारी हाम्रो"** *नारा सहित अपांगता भएका, एकल महिला, दलित, न्यून आय भएका र सिमान्तकृत परिवारका बालबालिकाहरुलाई माध्यमिक तह सम्म निशुल्म शिक्षाको सुनिश्चित गर्न कोष स्थापना गरी परिचालनको नीति तथा कार्यक्रमको निरन्तरता रहेको पाइयो ।*
- *बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा लैससासको दृष्टिले कम्तीमा ६० प्रतिशत बिनियोजन हुनेगरी लैंगिक उत्तरदायी बजेट तर्जुमा पद्धतिलाई अनिवार्य र पहिलो शर्तका रुपमा अंगीकार गर्ने नीति रहेको पाइयो ।*

- *वडा स्तरका मेलमिलाप केन्द्रलाई ब्यबस्थीत गरी मेलमिलापको माध्ययमबाट पिडितहरुमा छिटो छरितो र सर्बसुलभ न्याय प्रदान गर्ने ब्यबस्था मिलाउने नीति तथा कार्यक्रम रहेको पाइयो ।*
- *संस्थागत सुत्केरीलाई प्रबर्द्धन गर्दै सुन्य होम डेलीभरी कायम गर्न स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई गा.पा.को तर्फबाट यातायात बापत* **रु. एक हजार** *उपलब्ध गराउने ब्यबस्थालाई निरन्तरता गरिएको पाइयो ।*
- *यस आर्थिक बर्षमा* **सुन्य होम डेलीभरी** *वडा घोषणाको नीति तथा कार्यक्रम रहेको पाइयो ।*
- *अनाथ, असाह्य तथा जोखिममा रहेका बालबालिकाको लागि बाल संरक्षण कोषमा कम्तीमा बार्षिक रुपमा रु. २ लाख रकम थप गर्दै लगिने र अन्य सरोकारवाला निकायलाई समेत कोष बृद्धिका लागि आह्वान गर्ने नीति तथा कार्यक्रम रहेको पाइयो ।*
- *लैंगिक हिंसा निवारण कोषमा बार्षिक रु २ लाख थप गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानुनी परामर्श, स्वास्थ्य उपचार खर्च, ब्यबसाय संचालन तथा जिविकोपार्जनका लागि उक्त कोष परिचालन गर्ने नीति तथा कार्यक्रम रहेको पाइयो ।*
- *गाउँपालिकाको बजेट प्रणालीलाई लैंगिक उत्तरदायी बनाउदै लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यलाई निरन्तरता दिने र परिक्षणबाट पहिँचान भएका सुधार गर्नुपर्ने पक्षहरुलाई कार्ययोजना बनाई बार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने नीति रहेको पाइयो ।*
- *महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी, दिगो बिकास लक्ष्यले लैससास क्षेत्रमा लक्षित गरेका बिषयहरु, चौथो बेइजिङ सम्मेलनबाट पारित गरिएका १२ ओटा महिलाका सरोकारका बिषयहरु, संयुक्तराष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२० लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी बार्षिक योजना तथा बजेट बिनियोजनमा समाबेश गरी कार्यान्वयन गर्ने नीति तथा कार्यक्रम रहेको पाइयो ।*

**ख) गाउँपालिकाको लैससास प्राणाली अवलम्बनको बिद्यमान अवस्था र सुधारका लागि साझा सहमति**

- *गाउँपालिकालाइ लैससास उत्तरदायी बनाउन लैससास परोक्षण दिग्दर्शनमा तोके बमोजिम गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठित लैससास परिक्षण कार्यदललाई क्रियाशिल बनाउनु पर्ने बिषयमा ध्यानाकर्षण भएको छ ।*
- *हरेक आर्थिक बर्षमा गाउँपालिकाको लैंगिक उत्तरदायी बजेट बिश्लेषणका लागि कार्ययोजना तय गर्नुपर्ने बिषयमा कार्यपालिकाको ध्यानाकर्षण भएको छ ।*

- *गाउँपालिकालाई लैससास उत्तरदायी बनाउन र बिद्यमान बिभेद तथा हिंसा न्यूनिकरणका लागि निर्माण गरिएको लैससास नीति, कार्यबिधि तथा कार्यनितिको प्रभावकारी कार्यान्वयन हुनुपर्ने बिषय* SWOT *बिश्लेषणमा स्पष्ट गरिएको छ ।*
- *लैससास सम्बन्धी अन्तराष्ट्रिय प्रतिबद्धताहरु* (CEDAW, Beijing Plateform, SDG etc) *स्थानीयकरण गर्न नियमित कार्ययोजना तय गर्ने बिषयमा प्रतिबद्धता जनाए अनुरुप निरन्तरता दिनुपर्ने ।*
- *योजना तर्जुमा प्रक्रियालाई सबै प्रकारका लक्षित समुहको ब्यबहारीक र रणनीतिक आबश्यकता पहिँचान गरी अभिलेखित गर्नुपर्ने बिषयमा गाउँपालिकाको समग्र टिमको ध्यानाकर्षण भएको छ ।*
- *लैंससास परिक्षण क्रममा औंल्याइएका सधार गर्नु पर्ने पक्षहरु सम्बोधन हुने गरी उक्त अबधीमा तयार गरिएको बार्षिक कार्ययोजना गाउँपालिकाको बार्षिक योजना किताबमा समाबेश गरी लागु गर्ने कुरामा सबै सहभागीको ध्यानआकृष्ट भएको छ ।*
- *अनुगमन समिति तथा कार्यदलले हरेक योजना तथा कार्यक्रमको लिखित प्रतिबेदन तयार गर्दा लैससास दृष्टिले लाभ तथा असर बिश्लेषण सहितको लिखित अभिलख राख्नु पर्ने बिषयमा सबै बिषयगत शाखा लगायत जनप्रतिनिधीहरुको ध्यानाकर्षण भएको छ ।*
- *सुचना सम्प्रेषण प्रणालीलाई लैससासमैत्री बनाउने कुरामा ध्यान आकृष्ट गराएको छ ।*
- *गाउँपालिकाका बिद्यमान नीति, कानुन र कार्यबिधिहरु जारी गर्नु पूर्व लैससास दृष्टिले उपयुक्त भए नभएको लेखाजोखा गरी लैससास बिषय समाबेश गर्न गाउँपालिकाको ध्यानआकृष्ट भएको छ ।*
- *सम्भव भएसम्म सबै सार्वजनिक निकायहरुमा बालमैत्री स्तनपान कक्ष, लैंगिकमैत्री सौचालय र अपांगमैत्री पूर्वाधार निर्माणका लागि निर्देशन तथा पहल गर्ने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने बिषयमा गाउँपालिकाको ध्यान आकृष्ट भएको छ ।*
- *हिंसामुक्त गाउँपालिका घोषणा बिषयमा ध्यानाकर्षण भई गाउँपालिकाको दिर्घकालिन रणनीति बनाई कार्यान्वयन गर्न कार्ययोजनामा समाबेश गरिएको छ ।*
- *गाउँपालिकाले हासिल गरेका सवल पक्षहरुलाई संस्थागत गरी निरन्तरता दिनु पर्ने बिषयमा लैससास परिक्षण सुचकहरुले सजक गराएको छ ।*

**सुनिलस्मृति गाउँपालिकाको लैससास क्षेत्रको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती बिश्लेषण (SWOT analysis)**

| बिषय क्षेत्र | सवल पक्ष (१ अंक प्राप्त गरेको सुचक नं) | सुधारगर्नुपर्ने पक्ष (०.५ र ० अंक प्राप्त गरेको सुचक नं) | अवसर | चुनौती |
|---|---|---|---|---|
| **नीति कानुन र योजना** | १.१.१, १.१.२, १.१.३, १.१.४, १.१.५, १.१.६, १.१.७, १.१.८, १.२.१, १.२.२, १.२.३, १.२.४, १.२.५, १.२.६, १.२.७, १.२.८, १.३.१, १.३.२, १.३.३, १.३.४ | ▪ *नीत कानुन निर्माण गर्न पूर्व लैससास दृष्टिले सुधारगर्नुपर्ने बिषयमा समिक्षा गर्नुपर्ने ।*<br>▪ *बनेका नीति तथा कार्यबिधिको लागु गर्नु पूर्व लैससास बिषय वा शब्द चयन भए नभएको बिश्लेषण गर्ने ।*<br>▪ *बनेका नीति कानुन र कार्यबिधिको प्रभावकारी कार्यान्वयन गर्दा सरोकारवालाहरुको सहभागिता गराउने ।*<br>▪ *प्रचार प्रसारको बिस्तार* | ▪ *जनप्रतिनिधि लैससासमैत्री गाउँपालिका निर्माण गर्ने बिषयमा सकारात्मक हुनु ।*<br>▪ *पर्याप्त संचारको अवसर*<br>▪ *स्थानीय सरोकारका बिषयमा स्थानीय तहलाई नीति तथा कानुन बनाई कार्यान्वयन गर्न सक्ने अधिकार प्राप्त हुनु ।*<br>▪ *गाउँ कार्यपालिकामा लैंगिक र सामाजिक रुपले समाबेशी सहभागिता हुनु ।* | ▪ *लैससास परिक्षण दिग्दर्शनमा तोकिए बमोजिम नीति तथा कार्यबिधि निर्माण गर्दा बस्तुनिष्ठ प्रक्रिया अवलम्वन गर्ने बिषय ।*<br>▪ *सबै लक्षित समुहलाई समेटने र चित्त बुझाउने बिषय कठिन ।*<br>▪ *प्रभावकारी कार्यान्वयन ।*<br>▪ *लैससास अवधारणा र बुझाइमा एकरुपता र प्रभावकारी कार्यान्वयन ।*<br>▪ *परम्परागत सोचको हावी ।* |
| **संस्थागत ब्यबस्था** | २.१.३, २.१.४, २.२.१, २.२.२, २.२.३, २.२.४, २.३.१, २.३.२, २.४.१, २.४.२, २.४.३, २.४.४, २.५.१, २.५.२, | २.१.१, २.१.२, २.३.३, २.३.४, २.५.३,<br>*दरबन्दी अनुसार जनशक्ति ब्यबस्थापन ।*<br>*स्थानीय तहको पदपूर्ति सम्बन्धी कार्यबिधि* | ▪ *लैससास क्षेत्रलाई बार्षिक नीति तथा कार्यक्रमले सम्बोधन गर्न सकिने ।*<br>*बिषयगत शाखा तथा इकाइको ब्यबस्थापन ।*<br>▪ *लैससास हेर्ने छुट्टै महिला बालबालिका तथा जेष्ठ* | ▪ *सबै प्रकारका सेवाग्राहीलाई कार्यक्रम बारे जानकारी गराउन कठीन ।*<br>▪ *स्थाइ पदमा लोकसेवाबाट कर्मचारीहरु सिफारिस हुने हुदा स्थानीय तहबाट* |

| | | | | |
|---|---|---|---|---|
| | २.५.४, | *लैससासमैत्री बनाउन पुनरावलोकन गर्ने ।* | *नागरीक शाखालाई फोकल पर्सनको जिम्मेवारी प्रदान गरिएको ।*<br>▪ *गाउँपालिका भित्रका बिभिन्न समिति उपसमिति र कार्यदलमा सबै पक्षको समाबेशी प्रतिनिधित्व रहनु ।* | *समाबेशी बनाउन कठिन ।*<br>▪ *स्थानीय तहले संचालन गर्ने बार्षिक सबैप्रकारका कार्यक्रम बारे सबै लक्षित समुहलाई जानकारी तथा स्पष्टता गराउन बिषय ।*<br>▪ *लक्षीत समुहका असिमित आबश्यकता र सिमित बजेट* |
| **मानव संशाधन र क्षमता बिकास** | ३.१.२, ३.१.३, ३.१.४, ३.१.६, ३.१.७, ३.१.८, ३.२.१, ३.२.३, ३.२.४, ३.३.१, ३.३.३, ३.३.४, ३.४.१, ३.४.२, ३.४.३, ३.४.४, | ३.१.१, ३.१.५, ३.२.२, ३.३.२,<br>*मानव संशाधन बिकास तथा क्षमता बिकास कार्ययोजना निर्माण गर्नुपर्ने ।*<br>*क्षमता बिकासका लागि माग अनुसार आबश्यक बजेट ब्यबस्थापन ।*<br>*सबै प्रकारका तालीम प्रभावकारी बनाउने* । | ▪ *बार्षिक बजेट तथा कार्यक्रम तर्जमा गरिने ।*<br>▪ *विभिन्न सहयोगी संस्थाहरुले मानव स्रोतको क्षमता विकासका लागि सहयोग गरि रहेको ।*<br>▪ *बिद्यमान मानव संशाधनको रोष्टर तयार गरी परिचालन गर्न सकिने ।* | ▪ *पर्याप्त स्रोतको ब्यबस्थापन ।*<br>▪ *सबै कर्मचारी तथा जनप्रतिनिधीलाई पर्याप्त क्षमता बिकास ।*<br>▪ *मानविय स्रोतको मनोवल तथा इच्छाशक्ति ।* |
| **सेवा प्रबाह** | ४.१.४, ४.१.२, ४.१.३, ४.१.४, ४.२.१, ४.२.२, ४.२.३, ४.२.४, ४.३.१, ४.३.२, ४.३.३, ४.३.४, | ▪ *कायकक्षलाई फराकिलो तथा सहज बनाउने ।*<br>▪ *सेवा प्रबाहको बारेमा पर्याप्त प्रसार प्रसार गर्नपर्ने ।* | ▪ *नयाँ भवनबाट सेवा सुचारु भएको ।*<br>▪ *सेवाग्राहीहरुमा सचेतना बृद्धि*<br>▪ *सेवा प्रबाह गर्ने निकायमा समाबेशी सहभागिता ।*<br>▪ *समुदायमा गठन भएका टोल बिकास सस्थाहरुको क्षमता* | ▪ *सेवाग्राहीहरुलाई सन्तुष्टि दिने काम ।*<br>▪ *लैससासमैत्री ब्यबहार र कार्यप्रणाली अवलम्वन ।*<br>▪ *गरिवी तथा पछौटेपना ।*<br>▪ *जनचेतनाको कमी ।* |

| | | | | |
|---|---|---|---|---|
| | ४.४.१, ४.४.२, ४.४.३, ४.४.४, ४.५.१, ४.५.२, ४.५.३, ४.५.४ | | *बिकास ।* | |
| **सुशासन र उत्तरदायीत्व** | ५.१.१., ५.१.२, ५.१.३, ५.१.४, ५.२.१, ५.२.२, ५.२.३, ५.२.४, ५.३.१, ५.३.२, ५.३.४, ५.४.१, ५.४.२, ५.४.३, ५.४.४. ५.५.१, ५.५.२, ५.५.३, ५.५.४, | ▪ *अनुगमन गर्दा लैससास दृष्टिले उपलब्धी मापन तथा प्रभाव मुल्यांकन गर्नुपर्ने ।*<br>▪ *सरोकारवालाहरुको सहभागिता तथा समन्वय बृद्धि गर्नुपर्ने ।* | ▪ *बिभिन्न संघसंस्थाहरुसंग साझेदारी तथा सहकार्य गर्न सकिने ।*<br>▪ *सामाजिक परिचालनमा बृद्धि ।*<br>▪ *गाउँपालिकामा पर्याप्त लक्षीत बर्ग समुदाय रहनु ।*<br>▪ *नियमित सार्बजनिक सुनुवाई र सामाजिक परिक्षण जस्ता शुसासन अबलम्वनका औजारहरुलाई संस्थागत गर्न सकिने ।* | ▪ *सबै प्रकारका लक्षित बर्ग समुदायको सरकार समक्ष सहज पहुँच सुनिश्चित ।*<br>▪ *सबै प्रकारका लक्षीत बर्ग समुहको सशक्तिकरण ।*<br>▪ *लैससासमैत्री अनुगमन तथा मुल्यांकन प्रणालीको ब्यबस्थापन ।* |

## सुनिलस्मृति गाउँपालिकाको लैससास कार्यान्वयन सम्बन्धी बार्षिक कार्ययोजना २०८२।०८३ देखि २०८३।०८४

| मूल शिर्षक | | अवस्था सुधारका लागि आबश्यक क्रियाकलाप | क्रियाकलाप संचालन गर्ने जिम्मेवारी | | | समया बधी | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| पुर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन कर्ता | | पर्ने | नपर्ने |
| **नीति कानुन योजना (२०)** | २० | | | | | | | |
| *नीति र कानुनमा समाबेशीता सहभागिता (८)* | **८** | *१.१.१ गाउँपालिकाबाट निर्माण गरिने निती, कानुन, योजनाहरु लैससासमैत्री बनाउन बिधेयक समितिलाई लैससास बिषयमा स्पष्ट बनाउने ।* | *कार्यपालिका /बिधान समिति* | *कार्यपालिका गाउँसभा* | *कार्यपालिका सबै* | *चालु आ.व र निरन्तर* | | *नपर्ने* |
| | | *१.१.२. गाउँपालिकाबाट निर्माण गरिने निती, कानुन, योजना जारी गर्नुपूर्व लैससास दृष्टिले उपयूक्त भए नभएको बारेमा लैससास कार्यान्वयन समितिले गर्ने ।* | *कार्यपालिका /बिधान समिति* | *कार्यपालिका गाउँसभा* | *कार्यपालिका सबै* | *चालु आ.व र निरन्तर* | | *नपर्ने* |
| | | *१.१.४. गाउँपालिकाको लैससास परिक्षण कार्यबिधि* | | | | | | |
| | | *१.१.७. स्थानीय श्रमनीति अलग्गै बनाई लागु गर्ने ।* | *कार्यपालिका / रोजगार शाखा* | *कार्यपालिका* | *सरोकारवाला सबै* | *चालु आ.ब.* | | *नपर्ने* |
| *योजना तर्जुमा तथा कार्यान्वयन (८)* | **८** | *१.२.४. योजना तर्जुमा गर्दा महिला पुरुषका ब्यबहारीक तथा रणनीतिक आबश्यकताको अलग* | *म.बा. तथा स क शाखा* | *कार्यपालिका, गाउँसभा* | *सबै वडा र बिषयगत शाखा* | *आ.ब. २०८३।०८४* | | *नपर्ने* |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अलग सुची तयार गर्ने । | र योजना शाखा | | | | | |
| | | १.२.५. लक्षित समुहको अलग अलग आबश्यकता बिश्लेषण गरी योजना तर्जुमा गरेको निर्णय प्रतिलिपि अभिलेख ब्यबस्थीत गर्ने । | म.बा. तथा स क शाखा र योजना शाखा | कार्यपालिका | सबै वडा र बिषयगत शाखा | आ.ब. २०८३।०८४ | | नपर्ने |
| | | १.२.७. बार्षिक नीति तथा कार्यक्रममा दिगो बिकास लक्ष्य तोकी बजेट बिनियोजन गर्ने । | म.बा. तथा स क शाखा र योजना शाखा | कार्यपालिका, गाउँसभा | सबै वडा तथा बिषयगत शाखा | आ.ब. २०८३।०८४ | | नपर्ने |
| बजेट तर्जुमा तथा कार्यान्वयन (४) | ४ | १.३.१. कार्यक्रम तथा योजना तर्जुमा गर्दा लक्षिंत समुहको समस्या बिश्लेषणलाई प्रागथमिकता दिने र प्राप्त उपलब्धीलाई निरन्तरता दिने । | योजना शाखा /लैससमा का.स. | कार्यपालिका गाउँसभा | कार्यपालिका र सबै | निरन्तर | | नपर्ने |
| **संस्थागत ब्यस्था (२०)** | **१७.५** | | | | | | | |
| कर्मचारी पदाधीकारी प्रतिनिधित्व (४) | ३ | २.१.१. निर्णायक क्षमता बिकासका लागि महिला सशक्तिकरण कार्यक्रमलाई थप ब्यापक बनाउने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | आ.ब. २०८२।०८३ | आर्थिक स्रोत | |
| | | २.१.४. क्षमता बिकासको कार्यक्रममा लक्षिंत समुहलाई अवसर प्रदान गर्न प्राथमिकता निर्धारण गरी लागुगर्ने । | मानव संशाधन बिकास इकाई | कार्यपालिका | कार्यपालिका र सबै शाखा, | चलु आ.व. र निरन्तर | | नपर्ने |
| कार्यप्रणाली | ४ | २.२.१. लैंगिक असमानता | म.बा.तथा | कार्यपालिका | सबै | चलु आ.व. | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| समाबेशी (४) | | हटाउन र समाबेशीकरण बढाउन लैससास नीति र रणनीति अनुरुप कार्यनीति बनाई लागु गर्ने । | स.क.शाखा | | सरोकारवाल ा | | | |
| | | २.२.४ गाउँपालिकाबाट जारी गरिने नीति कानुनको प्रभावकारी कार्यान्वयन अवस्था बारे लैससास कार्यान्वयन समितिले नियमित अनुगमन गर्ने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | लैससास कार्यान्वयन समिति | चालु आ.व र निरन्तर | | नपर्ने |
| समिति उप समितिकार्यदलम ा प्रतिनिधित्व (४) | ३ | २.३.३. अनुगमन समिति वा कार्यदलले स्थानीय तहबाट संचालीत कार्यक्रमको अनुगमन गर्दा लक्षित समुहले प्राप्त गरेको फाईदा वा प्रभाव बिश्लेषण गरी नीतिगत र कार्यगत सुझाव पेश गर्ने ब्यबस्था गर्ने | लैससास कार्यान्वयन समिति | कार्यपालिका गाउँसभा | सम्बन्धीत समिति वा कार्यदल | निरन्तर | | नपर्ने |
| | | २.३.४. अनुगमन समिति वाट लैससास क्षेत्रमा सुधार गर्न पेश भएका लिखित सुझावहरु अनिवार्य कार्यान्वयन गर्ने ब्यबस्था गर्ने । | लैससास कार्यान्वयन समिति | कार्यपालिका, गाउँसभा | सबै सरोकारवाल ा | निरन्तर | | नपर्ने |
| बित्त ब्यबस्थाप प्रणालीमा समाबेशीता (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | निरन्तर | | नपर्ने |
| तथ्यांक संकलन तथा ब्यबस्थापन (४) | ३.५ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | निरन्तर | | नपर्ने |
| **मानव संशाधन तथा क्षमता** | १८ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **बिकास (२०)** | | | | | | | | |
| मानव संशाधनतथाक्षमताबिकास (८) | ७ | ३.१.१. मानव स्रोत बिकासका लागि लैससास क्षमता बिकास कार्ययोजना बनाई लागु गर्ने । | सबै बिषयगत शाखा | कार्यपालिका | कार्यपालिका सबै | आ.ब. २०८३।०८४ | थप बजेट | |
| | | ३.१.६. मानव संशाधन बिकास फोकल पर्सन तोक्ने । | प्रशासन शाखा | कार्यपालिका | कार्यपालिका सबै शाखा | चालु आ.ब. | | नपन |
| अनौपचारिक मुल्य मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना (४) | ३.५ | ३.२.२. लैंगिक हिंसा रहित गाउँपालिका घोषणा कार्यबिधि निर्माण गरी लागु गर्ने । | लैससास स.स./बिषयगत शाखा | कार्यपालिका, गाउँसभा | कार्यपालिका सबै | आ.ब. २०८३।०८४ | थप बजेट | |
| | | ३.२.४. सामाजिक कुसंस्कार कुरिति बिरुद्ध जनचेतना कार्यक्रम ब्यापक बनाउने । | सा.बि. शाखा | कार्यपालिका, गाउँसभा | कार्यपालिका, वडा, शाखाहरु | आ.ब. २०८३।०८४ | थप बजेट | |
| कानुनी साक्षरता (४) | ३.५ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने | सामाजिक बि.शाखा | कार्यपालिका | सबै सरोकारवाला | आ.ब. २०८३।०८४ | | नपर्ने |
| बिपद ब्यबस्थापनमा समाबेशीता(४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने | बिपद समिति | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | निरन्तर | | नपने |
| **सेवा प्रबाह (२०)** | २० | | | | | | | |
| पूर्वाधार बिकास (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | निरन्तर | | नपने |
| प्रजनन स्वास्थ्य (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | निरन्तर | | नपने |
| शिक्षा कार्यक्रम | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता | कार्यपालिका | कार्यपालिका | कार्यपालिका | निरन्तर | | नपने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (४) | | दिने । | . | गाउँसभा | सबै | | | |
| खानेपानी तथा सरसफाई (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | निरन्तर | | नपने |
| स्वरोजगार, आय आर्जन तथाबजार ब्यबस्थापन(४) | ४ | ४.५.४. सुपथ मुल्य सहकारी पसल शुरुवातका लागि पहल गर्ने । | प्र प्र अ./रोजगार शाखा | गाउँसभा कार्यपालिका | कार्यपालिका सबै | आ.ब. २०८२।०८३ | थप बजेट | |
| **सुशासन तथा उत्तरदायित्तव (२०)** | २० | | | | | | | |
| सुशासन (४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | निरन्तर | | नपने |
| उत्तरदायित्तव र जवाफदेहिता(४) | ४ | प्राप्त उपलब्धीलाई निरन्तरता दिने । | अध्यक्ष /प्र प्र अ. | कार्यपालिका गाउँसभा | कार्यपालिका सबै | निरन्तर | | नपने |
| सुचना तथा संचार(४) | ४ | ५.३.४. सुचना प्रबाहबाट जनचेतना बृद्धि भए नभएको अध्ययन प्रतिबेदन तयार गर्ने । | प्र प्र अ./ सुचना शाखा | कार्यपालिका, | कार्यपालिका सबै | चालु आ.व र निरन्तर | थप बजेट | |
| अनुगमन तथा मुल्यांकन(४) | ४ | ५.४.१. गाउँपालिकाबाट संचालीत समग्र योजना तथा कार्यक्रमहरुबाट सरोकारवालाहरुलाई पुगेको लाभ, असर र प्रभाव बिश्लेषण गरी अभिलेख तयार गर्ने ब्यबस्था गर्ने | प्र प्र अ./ सबै शाखा | कार्यपालिका | कार्यपालिका सबै | चालु आ.व. बाट निरन्तर | थप बजेट | |
| समन्वय र सम्बन्ध बिस्तार (४) | ४ | प्राप्त उपलब्धी निरन्तरता दिने । | | | | | | नपने |

**सुझावहरु :**

*सुनिलस्मृति गाउँपालिकामा मिति २०८२ माघ ०७ र ०८ गते सम्पन्न लैससास परोक्षण कार्यशालामा उपस्थित जनप्रतिनिधि तथा कर्मचारीहरुको सहभागितामूलक अभ्यासबाट हरेक सुचकहरुको स्वमुल्यांकन गरिएको छ । सुचकहरुको लेखाजोखा र अवलोकनका आधारमा गाउँपालिकालाई लैससास उत्तरदायी र संबेदनशिल बनाउन सुधार गर्नुपर्ने क्षेत्र पहिँचान गरी निम्न बुँदामा सुझावहरु उल्लेख गरिएको छ ।*

